का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक ११८
- ५ असार २०७७, शुक्रबार
- 19 June 2020, Friday

www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily — राष्ट्रिय दैनिक

| अपडेट: बिहीबार साँझसम्म | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| नेपालमा | ७८४८ जना | ११८७ जना | १५५५१८ | ६६४० | २२ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ८४ लाख ८५ हजार | ४४ लाख ४६ हजार | ४ लाख ५२ हजार | ३५ लाख ८६ हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

### संशोधन विधेयक प्रमाणीकरण

# लिम्पियाधुरा नेपालको अंग

**गएको जेठ ३१ गते प्रतिनिधिसभाबाट पारित संविधान संशोधन विधेयक राष्ट्रियसभाको सर्वसहमतिले पारित गरेको छ । दुवै सदनबाट पारित भएसँगै राष्ट्रपतिबाट लिम्पियाधुरा सहितको भूगोल समेटिएको नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानको अनुसूचीमा परिवर्तन गर्न बनेको विधेयक प्रमाणिकरण भएको छ ।**

**मध्यान्ह संवददाता**
काठमाडौं, ४ असार ।

राष्ट्रपति विद्यादेवी भण्डारीले संघीयसंसद्को दुवै सदनबाट पारित भएको 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक २०७७' प्रमाणीकरण गरेकी छन् । नेपालको संविधानको धारा २७४ को उपधारा १० बमोजिम प्रमाणीकरणका लागि पेश भएको विधेयक प्रमाणीकरण गरिएको राष्ट्रपति कार्यालयका प्रवक्ता हरिप्रसाद दाहालले जानकारी दिए । विधेयक प्रतिनिधिसभाबाट गत जेठ ३१ गते र राष्ट्रियसभाबाट दुई तिहाइ बहुमतबाट पारित भएको थियो ।



राष्ट्रियसभाको बिहीबारको बैठकमा नेपालको संविधान (दोस्रो संशोधन) विधेयक २०७७ पारित गर्दै सांसदहरू । तस्वीर : रोशन सापकोटा

**सर्वसहमतिबाट पारित**

लिम्पियाधुरा सहितको भूगोल समेटेर गएको जेठ ६ गते मन्त्रिपरिषदले जारी नेपालको नयाँ राजनीतिक तथा प्रशासनिक नक्सा संविधानको अनुसूचीमा समेटिएको छ । प्रतिनिधिसभाले गएको जेठ ३० गते पारित गरेको 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ ' लाई बिहीबार राष्ट्रियसभाको सर्वसहमतिले पारित गरेको छ ।

राष्ट्रियसभामा उपस्थित ५७ सांसदले नै 'हुन्छ' भन्ने पक्षमा मतदान गरे । राष्ट्रियसभाका कूल ५९ सदस्य मध्ये अध्यक्ष गणेशप्रसाद तिमिल्सिना मत विभाजन प्रक्रियामा सहभागी भएनन् भने एक जना मनोनित हुन बाँकी छ । सभामा बाँकी रहेको एक सदस्य भने मनोनयन भएको छैन । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) भित्रको विवादले गर्दा अर्थमन्त्री रहेका युवराज खतिवडाको स्थान रिक्त छ । उनलाई नै प्रधानमन्त्री केपी शर्मा ओली निरन्तरता दिने पक्षमा छन् भने सचिवालयका बाँकी नेताहरु बामदेव गौतमलाई पठाउने पक्षमा उभिएका छन् । गएको १८ फागुनमै खतिवडालाई निरन्तरता नदिने नेकपाले निर्णय गरेको थियो ।

कानून, न्याय तथा संसदीय मामिलामन्त्री डा शिवमाया तुम्बाहाङ्फेले सो विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभएपछि अध्यक्ष तिमिल्सिनाले मत विभाजनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइन् । राष्ट्रियसभाको बैठक कक्षको लबीमा तयार पारिएको मत विभाजनका लागि 'हुन्छ' भन्नेहरुलाई एकातिर र 'हुन्न' भन्नेहरुलाई अर्कोतिर मतदानका लागि प्रवेश गर्न आग्रह गर्दा सत्तापक्ष र प्रतिपक्षका सांसद एउटै लाममा रहेका थिए ।

संसदीय व्यवस्थामा सरकारका काम कारबाहीमा आलोचना, विरोध र खबरदारी गर्ने विपक्षीको धर्म मानिए पनि नेपालका कालापानी, लिपुलेक र लिम्पियाधुरा समावेश गरिएको नयाँ नक्शालाई संविधानको अङ्ग बनाउने मामिलामा विपक्षी दलले निःशर्त समर्थन गर्ने निर्णय यसअघि नै सार्वजनिक गरिसकेका थिए ।

नेपालको संविधान जारी गर्दाका समयमा संविधानका पक्षमा मतदान नगरी बैठक बहिष्कार गर्ने मधेश केन्द्रित दलका सांसद पनि नेपालको नयाँ नक्शालाई अनुसूचीमा राख्ने प्रस्तावसहितको नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७ का पक्षमा उभिएक छन् ।

अध्यक्षबाट उपस्थित सबै सांसदको मतले संशोधन पारित भएको घोषणा गर्दा सत्तापक्ष र प्रतिपक्षका सांसदले एकै लयमा समर्थन र स्वागतको ताली बजाए । मतदानमा सहभागी सबै सांसदले नयाँ नक्शाका पक्षमा मत जाहेर गरेपछि अतिक्रमित भूमि फिर्ता ल्याउन भारतसँग वार्ताका लागि नेपाल सरकारलाई थप ऊर्जा र बल मिलेको छ । नेपालको संविधानको धारा २७४ बमोजम संशोधन गर्न सक्ने प्रावधानअनुसार सरकारले संविधान संशोधन प्रस्ताव अगाडि बढाएको थियो ।

त्यसअघि कानूनमन्त्री डा तुम्बाहाङ्फेले राजनीतिक दलको एकता र सहकार्यले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता र अखण्डतालाई नयाँ उचाइमा पुर्‍याएको बताइन् । नेपालको निशान बाँकी पृष्ठ २ मा

### प्रधानमन्त्रीको १:४८ घण्टा

# आठ सन्देश

## 'आउने फागुनसम्म कोरोना नियन्त्रण, साउन अन्तिममा उच्च'

**निकै लामो सम्बोधन गरेका प्रधानमन्त्री ओलीले आफ्नो प्रतिरक्षा गर्दै भ्रष्टाचारको आरोप, महामारी रोकथाममा सरकारको प्रयास र यस सम्बन्धी आाकलन गरेका छन् ।**

**मध्यान्ह संवददाता**
काठमाडौं, ४ असार ।

प्रधानमन्त्री केपी ओलीले आगामी फागुनसम्म नेपालमा कोरोना संक्रमण नियन्त्रणमा आउने बताएका छन् । बिहीबार राष्ट्रियसभामा सांसदहरुले उठाएको प्रश्नको जवाफ दिदैं प्रधानमन्त्री ओलीले नेपालमा कोरोना नियन्त्रण हुने बताएका छन् ।



साउनको अन्तिमचिर नेपालमा कोरोना संक्रमण उच्च विन्दुमा पुग्ने र त्यस पछाडि कम हुँदै जाने बताए । दशै, तिहार र छठ जस्ता चाँडले संक्रमण बढाउने खतरा रहेकाले मंसिर महिना पछाडि फेरि संक्रमण दर बढ्ने प्रधानमन्त्रीको भनाइ थियो ।

"श्रावणको अन्त्य सम्ममा यसको पीक हुन सक्ने अनुमान गर्न सक्छौ अथवा भदौको सुरु तिर । यो त्यसपछि आरालो लाग्छ र हामी यसलाई क्रमश नियन्त्रण गर्न सक्छौ । मंसिरको अन्त्य तिरबाट हामीले फेरि त्यस ग्राफलाई तल लान सक्छौ । र, पुस माघसम्म हामी यसलाई नियन्त्रण गर्न सक्छौ ।"

कोरोनाले कुनै पनि सकारात्मक योगदान नभएर शारिरीक बिरामी सँगै मानसिक बिरामी बनाउने गरेको प्रधानमन्त्री ओलीले बताए । कोरोनाका कारण उत्पन्न विभिन्न परिस्थितिका कारण मान्छेहरु डिप्रेशनमा गएको बताए ।

"कोरोनाले छोयो भन्ने वित्तिकै मर्छु । अब गएँ म भन्ने हो भने त बाँच्छ भन्न गाह्रो हुन्छ । कोरोना भनेको एउटा रुघाखोकीजस्तो हो । लागिहाल्यो भने हाछ्यु साछ्यु गर्नुपर्छ । तातोपानी खानुपर्छ । उडाईदिनुपर्छ । त्यो हिसाबले सोच्नुपर्छ । उच्च मनोबल राख्नुपर्छ", प्रधानमन्त्री ओलीको भनाइ थियो ।

उपचार विधि र प्रतिरोध क्षमता आदिको कारणले कोरोनाका कारण निधन हुनेको संख्या निकै कम भएको र बाँकी पृष्ठ २ मा

**प्रधानमन्त्रीको आग्रह**

- भ्रष्टाचार छैन, हुन दिन्न
- कोरोना रोकथाममा प्रसंशनीय प्रयास
- प्रतिपक्षीको आरोप गलत
- सडक आन्दोलनले अर्थ छैन
- बलात्कार र हत्यारामाथि कडा कार्बाही
- भिखारी मुक्त देश घोषणा
- स्थानीय सरकारको प्रशंसा
- एमसीसी अध्ययन गरौं

### संख्या सयबारे मन्त्रिपरिषद्मा गयो प्रस्ताव

# चौतर्फी दवाबले मन्त्री बाध्य

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ जेठ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले कोरोना भाइरसका कारण वैदेशिक रोजगार ऐन र नियमावलीले ईजाजतपत्र नवीकरणका लागि तोकेको संख्यामा कामदार पठाउन नसकेका म्यानपावर कम्पनीको ईजाजतपत्र नवीकरण हुने व्यवस्थाका लागि मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको बताएका छन् ।

बिहीबार मन्त्री यादवलाई भेट्न प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालका संयोजक रामप्रसाद भान्तनाको नेतृत्वमा गएको मञ्चमा आवद्ध व्यवसायीहरुको प्रतिनिधिमण्डलसँग कुराकानी गर्दै मन्त्री यादवले उक्त जानकारी दिएका हुन् ।

वैदेशिक रोजगार विभागबाट ईजाजतपत्र नवीकरणको सूचना सार्वजनिक भएको तर ईजाजतपत्र नवीकरण गर्न ऐनले तोकेको संख्या नपुगेका कारण आधाभन्दा बढी व्यवसायीहरु तनावमा रहेकाबेला मन्त्री यादवले एक पटकका लागि निकास निकाल्ने उद्देश्यसहित मन्त्रिपरिषद्मा प्रस्ताव पठाएको स्पष्ट पारे ।

मन्त्री यादवले गत चैत १६ गते बसेको मन्त्रिपरिषद् वैठकले वैदेशिक रोजगारमा सय जना कामदार नपठाएकै कारणबाट ईजाजतपत्रवाला संस्थाहरुको खारेजी हुने हालको व्यवस्था हटाउन वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनको प्रक्रिया



अघि बढाउने निर्णय गरेको स्मरण गर्दै त्यसअनुसार काम भइरहेकाबेला प्रतिनिधिसभामा नेपाली कांग्रेसका सांसद डा. अमरेशकुमार सिंहले आफुमाथि मिथ्या आरोप लगाएपछि आफु अघि बढ्न चाहनामा नरहेको तर चौतार्फी दवाबपछि मन्त्रिपरिषद्मा समस्या समाधानका लागि प्रस्ताव पठाएको बताए ।

उनले भने, 'सत्तारुढ नेकपाका नेताहरु, पार्टी संगठन, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ, प्रगतिशील मञ्च, संख्या सय समस्या समाधान समिति, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनलगायतले पटक-पटक ज्ञापनपत्र बुझाई समस्या समाधानका लागि निरन्तर आग्रह गर्नुभएको थियो । संख्या सय समस्या समाधान समितिका संयोजक हरिबहादुर पाण्डे क्षेत्रीले प्रक्रिया सहज बनाउन धेरै नै मेहनत गर्नुभयो, सबै पक्षको सकारात्मक दृष्टिकोणपछि एउटा निष्कर्षमा पुगेका छौं । तर निर्णय के आउँछ म दाबीकासाथ भन्न सक्ने अवस्थामा छैन, कहिलेकाहीँ मन्त्रिपरिषद्मा फरक दृष्टिकोण पनि बन्न सक्छ ।'

मन्त्री यादवले यसपटक समस्याले निकास बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## अभिमुखीकरण संस्था स्वतः नवीकरणको माग

**काठमाडौं/मस-** नेपाल अभिमुखीकरण व्यवसायी महासंघले चालु आर्थिक वर्षलाई विपतको समय मानेर अभिमुखीकरण संस्थाहरुको स्वतः नविकरण हुने व्यवस्था गरी राहत प्रदान गर्न सरकारसँग माग गरेको छ । महासंघ अध्यक्ष राजाराम गौतमले प्रधानमन्त्रीको कार्यालयसहित विभिन्न कार्यालयको ध्यानाकर्षण गराउँदै उक्त माग गरेका हुन् ।

विगत तीन महिनादेखि लगातार भएको लकडाउनका कारण साना लगानीकर्ता व्यवसायीहरुको व्यवसाय बन्द भई घर भाडा, कर्मचारी खर्च तथा बैंकको किस्ता समेत व्यवस्थापन गर्न नसकेको भन्दै महासंघले थप राख्नुपर्ने भनिएको धरौटी बापतको रकम जम्मा गर्न सकिने अवस्था नरहेको बताएको छ ।

वैदेशिक रोजगार विभागले केही दिनअघि व्यवसायीहरुलाई धरौटी राख्न र आवश्यक सबै कागजात उपलब्ध गराउन सूचना जारी गरेको भएपनि लकडाउनको अवस्थामा तोकिएका सबै व्यवस्था बाँकी पृष्ठ २ मा

# मृतक संख्या २२ पुग्यो

## बिहीबार एकै दिन बढी संक्रमित हुने नयाँ रेकर्ड

**लगातार बढिरहेको संक्रमण बिहीबार अहिलेसम्मकै उच्च संख्यामा संक्रमित पुष्टि भएको छ । मन्त्रालयले एकै दिन ६७१ जनामा संक्रमण पुष्टि भएको जनाएको छ ।**

**मध्यान्ह संवदादता**
काठमाडौं, ४ असार ।

कोभिड महामारीको संक्रमण दिनहु तीव्र गतिमा बढेको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले महामारीबाट संक्रमित हुनेको संख्या दिनहुँ तीव्र गतिमा बढेको जानकारी दिएको छ । गएको २४ घण्टामा मात्रै ६७१ जनामा संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । एकै दिन पुष्टि भएको यो अहिलेसम्मकै उच्च संख्या हो ।

बिहीबार सम्मको तथ्यअनुसार, नेपालमा संक्रमित संख्या सात हजार ८४८ पुगेको छ । यी सबै पीसीआर प्रणालीबाट पुष्टि भएको संख्या हो । देशभरका २४ प्रयोगशालाबाट अहिलेसम्म एक लाख ५५ हजार ५८१ जनाको पीसीआर परीक्षण भएको छ । आरडीटी प्रणालीबाट पनि परीक्षण रोकिएको छैन । बिहीबारसम्म दुई लाख ४३ हजार ७५ जनाको आरडीटी विधिबाट परीक्षण गरिएको छ । क्वारेन्टिमा रहनेको संख्या पनि एक लाख १६ हजार २१५ छ । आइसोलेसनमा रहेकाहरुको संख्या ६६४० छ । निको भएका बिरामी संख्या एक हजार १८६ छ ।



पहिरोका कारण गन्तव्यमा जान नपाएपछि नारायणगढ – मुग्लिन सडकमा देखिएको सवारीको लाइन । *तस्वीर : नारायण ढुङ्गाना*

बिहीबार थप दुई जनाको मृत्यु भएको छ । मृतक संख्या २२ पुगेको छ । निकै पछाडि मात्रै संक्रमण देखिएको कर्णाली प्रदेशमा बिहीबार एकै दिन १२० जनामा संक्रमण देखिएको छ । सुर्खेतस्थित प्रदेश अस्पताल तथा पशुपक्षी रोग अन्वेषण बाँकी पृष्ठ २ मा

# वन मन्त्रालयलाई समितिको निर्देशन

**काठमाडौं/मस-** संसदीय समितिले पुराना, ढलेका र सुकेका रुखहरुको पूर्ण क्षमतामा उपयोग गरी काठजन्य वस्तुको आयात प्रतिस्थापन गर्ने कार्यक्रम ल्याउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिएको छ। प्रतिनिधिसभाको कृषि, सहकारी तथा प्रकृतिक समितिको बिहीबारको बैठकले काठ तथा काठजन्य सामग्रीहरुको कानून विपरित कारोबार गर्ने तस्करहरुलाई कारबाही गरी पुराना तथा ढलेका र मरेका रुखहरुको पूर्ण क्षमतामा उपयोग गरी आयात प्रतिस्थापन गर्न मन्त्रालयलाई निर्देशन दिएको हो।



बैठकको निर्णय सुनाउँदै सभापति पूर्णकुमारी सुवेदीले वनलाई नेपालको समृद्धिसँग जोडन र हरियो बन नेपालको धनको नारालाई व्यवहारमा चरितार्थ गर्ने गरी पुराना तथा ढलेका र मरेका रुखहरुको अधिकतम उपयोग गर्ने व्यवस्था मिलाउन निर्देशन दिने र कानून विपरित कारोबार गर्नेलाई कारबाही गर्न मन्त्रालयको ध्यानाकर्षण गराउने निर्णय भएको बताइन्।

उनले भनिन्, 'नेपालको वनलाई नेपालको समृद्धिसँग जोड्दै हरियो वन नेपालको धनको नारालाई व्यवहारमा चरितार्थ गर्न पुराना रुखहरु तथा ढले मरेका काठहरुको पूर्ण क्षमतामा उपयोग गरी ठूलो मात्रामा भइरहेको काठजन्य वस्तुको आयातलाई प्रतिस्थापन गर्ने परिणाममुखि कार्यक्रम ल्याउन मन्त्रालयलाई निर्देशन दिने। वनजंगलको अवैध फडानी र काठ तथा काठजन्य सामग्रीहरुको कानून विपरित कारोबार गर्ने तस्कर हरुलाई कठाइकासाथ कारबाही गर्न मन्त्रालयलाई ध्यानाकर्षण गर्ने।'

बैठकमा उपस्थित भएका वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेतले वन तस्करी घट्दै गएको बताए। उनले वैज्ञानिक वन व्यवस्थापनको नाउँमा वन फडानीको काम भइराखेको भन्ने विषय उठेको र त्यसमा मन्त्रालयको ध्यानाकर्षण भएको स्पस्ट पारे। उनले राष्ट्रिय वन नीतिमा पनि वनको पूर्ण क्षमतामा बहुआयामिक रुपमा उपयोग गर्ने विषयलाई जोड दिइएकाले मन्त्रालयले सोही अनुसार काम गरिरहेको जानकारी दिए।

वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम पनि सोही अनुसार नै आएको मन्त्री बस्नेतले स्पस्ट पारे। उनले वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम उपयुक्त ढंगले कार्यान्वयनमा भइराखेको छ कि छैन भन्ने विषयमा सरकार सचेत रहेको बताए। वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रमको कार्यान्वयनमा जाँदा कहिं कतै वन बिनास भए/नभएको विषयमा सरकारले छानविनको प्रक्रिया अगाडि बढाएको बताए।

मन्त्री बस्नेतले संविधानले वन क्षेत्रको व्यवस्थापनको जिम्मा प्रदेश सरकारलाई दिएकाले मन्त्रालयले सिधै कुनैपनि कार्यक्रम सञ्चालन गर्न नसक्ने भएकाले सबै कार्यक्रमहरु प्रदेश सरकार मार्फत सञ्चालन गरिएको बताए। उनले लकडाउनको अवधिमा वन फडानी र वन्यजन्तु चोरी सिकारीका घटना बढ्न सक्ने भन्दै मन्त्रालयले प्रधानमन्त्री कार्यालयमार्फत सबै प्रदेशका मुख्यमन्त्रीहरुलाई सचेत गराइएको जानकारी समेत दिए।

उनले मन्त्रालयले वनको बहुआयामिक उपयोगमा जोड दिइएको र बनस्पति विभागमार्फत ७७ वटै जिल्लामा उपलब्ध हुने जडिबुटीको पहिचान गर्न लागिएको समेत जानकारी दिए। प्रत्येक जिल्लामा उपलब्ध हुने मुख्य १० वटा जडिबुटी र तयसमध्ये प्रमुख ३ वटा र मुख्य एक वटा कुन जडिबुटी हो पहिचन गर्ने कार्य आगामी आर्थिक वर्ष भित्र सम्पन्न हुने बताए। यस्तै वनमा आधारित कृषि र पर्यटनलाई पनि जोड दिने गरी कार्यक्रमहरु सञ्चालन गर्न लागिएको उनले जानकारी दिए।

# साधारण सदस्यसमेत नरहेकालाई कांग्रेसको गाउँ सभापति भन्दै नेकपामा प्रवेश



**गुल्मी/मस-** गुल्मीको इस्मा गाउँपालिकामा कांग्रेस गाउँपालिका सभापति नेकपामा प्रवेश भनेर गरिएको प्रचारप्रति नेपाली कांग्रेस जिल्ला कार्यसमिति गुल्मीले आपत्ति जनाएको छ। कांग्रेसको साधारण सदस्य टसमेत नरहने गरी एक महिना अघि नै पाटीबाट निलम्बित इस्मा गाउँपालिका ५ का रामप्रसाद पन्तलाई कांग्रेसको भनेर प्रचार गरिनु गलत रहेको नेपाली कांग्रेस जिल्ला कार्यसमिति गुल्मीले जनाएको छ।

गएको जेठ ४ गते कांग्रेसले उनलाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी निस्कासन गरेको थियो। उनले पाटीमा रहँदा पाटीको हितबिपरित एकलौटी ढङ्गबाट मनपरीरुपमा काम गरेको र पार्टीको गोपनियता भङ्ग गरेको भन्दै स्थानीय कार्यकर्ताबाट लिखितरूपमा व्यापक गुनासो आएका कारण उनलाई पार्टीबाट निलम्बित गरिएको नेपाली कांग्रेस गुल्मीका सभापति भुवनप्रसाद श्रेष्ठले बताए। नियमबिपरित चल्ने र राजनैतिकरुपमा घमण्ड गरेर कांग्रेस कार्यकर्तालाई नै हतोत्सायी गर्ने गरेको भन्दै निलम्बन गरिएका पन्थ केहि दिन अघि नेकपा पाटी प्रवेश गरेका थिए।

गुल्मी कांग्रेसद्वारा गत जेठ ४ गते निलम्बन गरिएका पन्तलाई गाउँपालिका सभापति भन्दै नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गुल्मीका जिल्ला सदस्य हिरा एसी, जिल्ला नेता गणेश श्रीपाली तथा इस्मा गाउँपालिका अध्यक्ष तथा पार्टीका जिल्ला सदस्य लक्ष्मण बिष्ट र उपाध्यक्ष विमला खत्रीले टीका लगाएर स्वागत गर्दे पार्टीमा प्रवेश गराएका थिए।

## लिम्पियाधुरा...

छापमा रहेको नक्शामा मात्रै संशोधनको प्रस्ताव अगाडि बढाइएको र हिमाल, पहाड तथा तराईलाई त्यसले सम्बोधन गरेको स्पष्ट पार्दै उनले संविधानको सन्दर्भमा उठेका अन्य प्रश्नलाई क्रमश: सम्बोधन हुने विश्वास व्यक्त गरिन्।

## प्रधानमन्त्रीको ...

संक्रमणको दर पनि अन्य देशको तुलनामा नेपालको स्थिति राम्रो रहेको बताए। नेपालमा प्रति १० लाखमा ० दशमलव ७ प्रतिशत संक्रमित रहको बताए।

संक्रमितहरु बढ्दै गएको देखिए पनि समुदायमा संक्रमण कमी नै रहेको बताए।

नेपालमा बाहिरबाट आउनेको संख्या सँगै संक्रमित भएर आउनेहरुको संख्या पनि ठूलो भएकाले एकै पटक उनीहरुको व्यवस्थापन गर्नु कम चुनौतिपुर्ण भएको बताए। प्रधनमन्त्री ओलीले चैत यता अढाइ लाख नेपाली भारतबाट फर्किएको जानकारी दिए।

"विदेशबाट ल्याउने सवालमा परीक्षण गरेर ल्याउनुपर्ने भएपनि कुनै मुलुकले टेस्ट नगरी पठाउने गरेका छन्। भारतबाट त परीक्षण गरेर पठाउने कल्पनै गर्न सकिदैन", प्रधानमन्त्री ओलीको भनाइ छ।

काम छोडेर हिसाब

प्रधानमन्त्री केपी शर्मा ओलीले काम गर्न छाडेर हिसाबकिताव खोजेर बस्ने गरेको भन्दै प्रतिपक्षी दलप्रति परिस्थिति प्रति गम्भीर नबनेको आरोप लगाए।

"केही मान्छेहरु असहज अवस्थामा काम गर्नेहरुको प्रशंसा गर्नु भन्दा १/ १ रुपैयाको हिसाब किताब खोजेर बस्ने गरेको छ", प्रधानमन्त्री ओलीले भने। प्रधानमन्त्री ओलीले भ्रष्टाचार गर्ने कसैलाई नछोड्ने बताए।

"जनप्रतिनिधिले पैसा खाए भन्दिन सजिलो छ। कति दुख गरेर काम गरेका छन्। गुन मान्नु छैन। गुन मान्नुको सट्टा, कदर गर्नुको सट्टा अपमान गर्नु, संदेश पैदा गर्नु, हत्तोत्साही गर्नु किञ्चित उपयुक्त हुदैन", प्रधानमन्त्रीको भनाइ छ।

आक्रोश प्रधानमन्त्री

प्रधानमन्त्रीले कोरोना संक्रमण नियन्त्रण र रोकथाम प्रभावकारी नभएको, सामाना खरिदमा भ्रष्टाचार भएको तथा परीक्षण सम्बन्धी सरकारको कार्यनीतिको विरोधमा हुदै आएको विरोध प्रर्दशन प्रति पनि कटाक्ष गरे।

"एउटा शब्द आजकल चलेको छ। इनअफ भन्ने। सबैलाई कण्ठ भईसकेको शब्द। इन अफ। मैले सडकमा पनि प्ले कार्ड हेरँ। कोभिड १९ इन अफ इज इन अफ। के हुन्छ यसको अर्थ भनी मैले खोजी हेरेँ। कोभिड १९ इज मोर देन इन अफ। यो आउनै नहुने", प्रधानमन्त्री ओलीले भने।

**रुकुम घटना**

रुकुमपश्चिको घटनामा संलग्नलाई नियन्त्रणमा लिएर मुद्दा चलाउने काम भएको भन्दै सो घटनालाई लिएर सरकारको आलोचना गर्नुपर्ने अवस्था नरहेको बताए। प्रधानमन्त्रीले भने, "यसमा सरकारमाथि हमला गर्नुपर्ने विषय। सरकारले त्यसरी त्यहाँ घटना गराएको हो र ? सरकार तत्काल मानिसहरु गिरफ्तार गरेको छ। मुद्दा चलाएको छ।"

सुरक्षार्थ राखिएकै बाट क्वारेन्टाइनमा रहेकी महिलामाथि बलात्कार हुनु निन्दनीय घटना भएको भन्दै घटनामा संलग्नलाई हदै सम्मको कारवाही गर्ने प्रतिवद्धता जनाए।

## संख्या...

पाएपनि म्यानपावर कम्पनीको संख्या घटाउन पूर्व मन्त्री गोकर्ण विष्टले अघि सारेको योजना कार्यान्वयन गराउने पक्षमा आफु रहेको स्पष्ट पारे। नेपालमा रहेका म्यानपावर कम्पनीहरुको संख्या सुनेर मरिससका श्रममन्त्री आश्चर्यचकित भएको भन्दै मन्त्री यादवले पुग नपुग तीन करोड जनसंख्या भएको मुलुकमा एक हजारको हाराहारीमा म्यानपावर कम्पनी रहनुलाई मरिससका श्रममन्त्रीले आश्चर्य मानेको बताए। उनले भने, 'मैले नेपालमा एक हजारको हाराहारीमा म्यानपावर कम्पनी रहेको जानकारी दिएपछि उहाँ झण्डै बेहोस हुनुभयो।'

यसपटक नवीकरण भएपनि म्यानपावर कम्पनीहरु एक आपसमा गाभिएर सञ्चालित हुने (मर्जरको प्रक्रियामा जाने) विषयमा मानसिक रुपमा तयार रहन मन्त्री यादवले व्यवसायीहरुलाई आग्रह गरे। उनले भने, 'संख्या सानो भयो भने गुणस्तरीय काम पनि हुन्छ, विभागलाई नियमन गर्नपनि सहज हुन्छ, यस विषयमा थप गृहकार्य गरेर मन्त्रालयले छिट्टै सूचना निकाल्ने छ।'

सो अवसरमा मञ्चका संयोजक भान्तनाले संख्या सयको समस्या समाधानका लागि लिएको सकारात्मक पहलका लागि मन्त्री यादवलाई धन्यवाद दिँदै विदेशमा कम्पनीले जहाजको टिकट दिने भएपछि नेपाली कामदार लिएर आउने उक्त मुलुकको जहाज नेपालमा अवतरणको अनुमति दिने व्यवस्था गर्न माग गरे। त्यसैगरी संयोजक भान्तनाले समयमै उचित कार्यविधि नबनाएमा कोरोना भाइरस संक्रमणको अवस्थामा स्वदेश फर्किने कामदारहरुले त्यसैलाई निहुँ बनाएर व्यवसायीलाई सास्ती दिने अवस्था रहेको भन्दै व्यवसायी र कामदार दुबैलाई सहज हुने कार्यविधि निर्माणका लागि वैदेशिक रोजगार विभागलाई उचित निर्देशन दिन पनि माग गरे।

संयोजक भान्तना नेतृत्वको टोलीमा मञ्चका निवर्तमान अध्यक्ष चित्रगुप्त साँवा लिम्बु, संस्थापक अध्यक्ष सरोजकुमार पोखरेल, व्यवसायी पदम पौडेल, मञ्चका पूर्व अध्यक्ष भुवन विक्रम घिमिरे, मञ्चका सहसंयोजक राजेन्द्र भण्डारी, पूर्व अध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री, उपाध्यक्ष मधुकर रिजाल, महासचिव डिकबहादुर खत्री 'कुमार', हेमन्त जीसी, भीष्मराज शर्मा सिवाकोटी, परमेश्वर अधिकारी, कुन्छा दोर्जे लामा, हरिबहादुर थापा लगायतका व्यवसायीहरु रहेका थिए।

## अभिमुखीकरण...

गर्न असमर्थ हुने हुनाले राहत प्रदान गर्नुपर्ने महासंघको माग छ।

महासंघले वैदेशिक रोजगार नियमावली २०६४ (पाँचौ संशोधन) को नियम २२ बमोजिम नगद ५ लाख धरौटी व्यवस्था संशोधन गर्नुपर्ने एकै व्यक्ति तथा एकाघर सदस्यले एकै उद्देश्यको २ संस्था खोल्न नपाउने व्यवस्था हटाउनुपर्ने माग गरेको छ।

महासंघले रक्षा मन्त्रालय, अर्थ मन्त्रालय, कानून, न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, मुख्य सचिव, वैदेशिक रोजगार विभाग र वैदेशिक रोजगार बोर्डको पनि यस विषयमा ध्यानाकर्षण गराएको छ।

महासंघले विगत १७ वर्षदेखि वैदेशिक रोजगारमा जाने युवाहरुलाई सीपमुलक कार्यगत क्षमता अभिवृद्धि तथा जोखीम न्युनिकरणको लागि सहि सूचना प्रवाह गर्ने उद्देश्यले वैदेशिक रोजगार ऐन बमोजिम नेपालभर १ सय ५० वटा संस्था सञ्चालनमा रहेको उल्लेख गर्दै वैदेशिक रोजागर नियमावली पाँचौं संशोधनमा केही प्रावधान थप गरी हालको अवस्थामा असहजता थपिएको बताएको छ।

## मृतक...

प्रयोगशालामा गरिएको परीक्षणमा दैलेखका ८६ र सुर्खेतका ३४ गरी कूल १२० जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो।

सामाजिक विकास मन्त्रालय स्वास्थ्य सेवा महाशाखाले बिहीबार सार्वजनिक गरेको प्रेस विज्ञप्तिमा दैलेखको महाबु गाउँपालिकामा मात्र पाँच महिलासहित ७६ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। उक्त गाउँपालिका-२ मा ५२ जनामा संक्रमण पुष्टि भएको स्वास्थ्य सेवा महाशाखाका प्रमुख डा लक्ष्मीनारायण तिवारीले बताए।

डा तिवारीका अनुसार गुराँसे गाउपालिकामा पाँच, भैरवी गाउँपालिकामा एक, चामुण्डा बिन्द्रासैनी र दुल्लु नगरपालिकामा दुई/दुई जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ। त्यसैगरी, सुर्खेत पञ्चपुरी नगरपालिकामा १०, चिङ्गाड गाउँपालिकामा आठ, वीरेन्द्रनगर नगरपालिकामा छ, गुर्भाकोट नगरपालिकामा पाँच, बराहताल र चौकुने गाउँपालिकामा दुई/दुई र सिम्ता गाउँपालिकामा एक जनामा सङ्क्रमण देखिएको उनको भनाइ छ।

महिलालाई छुट्टै क्वारेन्टिन

कोभिड-१९ महामारी नियन्त्रणका लागि सरकारले देशका विभिन्न स्थानमा व्यवस्था गरेको क्वारेन्टिन असुरक्षित बनेको भन्दै सांसदले क्वारेन्टिनलाई व्यवस्थित र सुरक्षित गर्न तथा महिलाका लागि छुट्टै क्वारेन्टिनको व्यवस्था गर्न माग गरेका छन्।

प्रतिनिधिसभाको वैठकको शून्य समयमा सांसद थममाया थापाले क्वारेन्टिनमा महिला बलात्कृत हुनु अत्यन्त गम्भीर भएको उल्लेख गर्दै महिलाका लागि छुट्टै क्वारेन्टिनको व्यवस्था र सुरक्षाका लागि महिला प्रहरी राख्न माग गरिन्।


सांसद निरुदेवी पालले क्वारेन्टिनमा महिलामाथि विभिन्न हिंसाका घटना बढेको भन्दै महिलाका लागि छुट्टै क्वारेन्टिनको व्यवस्था गर्न माग गरिन्। सांसद पवित्रा खरेल निरौलाले कैलालीको लम्कीमा महिलामाथि भएको घटनाका दोषीलाई कडा कारबाही गरिनुपर्ने माग गरिन्।

सांसद नरमाया ढकालले क्वारेन्टिन यातना गृह जस्तो भएकाले तत्काल क्वारेन्टिनको अवस्था सुधार गर्न माग गरिन्। सांसद पार्वता डीसी चौधरीले कैलाली घटनाबारे आपत्ति जनाउँदै क्वारेन्टिनमै असुरक्षित महिला कहाँ सुरक्षित होलान भनी प्रश्न गर्दै घटनामा संलग्नलाई कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराइन्।

सांसद पूर्णकुमारी सुवेदीले कैलालीको क्वारेन्टिनमा बिरामी महिलामाथि भएको घटनाको भत्सर्ना गर्दै दोषीलाई कडा कानुनी कारबाही गर्न माग गरिन्।

# नासर अल अली कम्पनीले दियो दुई नेपालीलाई दश लाख इनाम

**शिवराज गौतम/मध्यान्ह**
दोहा, ३ जेठ




आइओएस प्राप्त कतारको एक प्रतिष्ठित नासर अल अली ईण्टरप्राइजेज कम्पनीले दुइ नेपाली कामदारलाई करिव १० लाख रुपैयाँ बराबरको इनाम प्रदान गरेको छ। विगत १० वर्षदेखि सो कम्पनीमा कार्यरत पश्चिम नेपालका नुनबहादुर दर्जी र धनुषाका रामशंकर दास बनोधियाले हालै जनही पन्ध्र हजार रियाल इनाम पाएका हुन्।

इमान्दारीपूर्वक कम्पनीमा काम गरेवापत् उनीहरुले कम्पनीका मालिक नासर अल अलीको हातबाट सो इनाम प्राप्त गरे। पन्ध्र हजार रियाल इनाम पाउने दर्जी नासर अल अली कम्पनीमा कन्स्ट्रक्शनमा काम गर्न नेपालबाट सन् २००९ मा आएका थिए। राम्रो काम गर्दै गएपछि उनी ट्रेड वर्कर भए। अहिले कार्पेन्टर मेसनरीदेखि सबै काममा पोख्त भइसकेका दर्जी आफुलाई यस कम्पनीमा काम गर्न पाउनु आफ्नो अहोभाग्य ठान्छन्। दर्जीले सोही कम्पनीमा काम गरेर जोहो गरेको रकमले आफना दुई छोराछोरीको पढाइ साथै परिवारको लागि आर्थिक स्थिति सुधारेर जग्गाजमिनसमेत जोडी सकेका छन्। नगद इनाम पाएपछि खुशी हुदै आफुले इमान्दारिताका साथ काम गरेकोले कम्पनी मालिकबाट पाएको, सो रकम आफना छोरा र छोरीको पढाई र घर खर्चमा सदुपयोग गर्ने दर्जीले बताए।

यसैगरी पन्ध्र हजार रियाल नगद इनामका भागिदार रामशंकर दास बनोधियाले पनि सोही कम्पनीमा १२ वर्ष विताइसकेका छन। सवै किसिमको कामगर्न सक्ने भईसकेका तीन छोरा र एक छोरीका पिता रामशंकरले पनि सोही कम्पनीमा काम गरेर जोहो गरेको रकमले आफना छोराछोरीलाई राम्रो शिक्षादीक्षा दिन सकेकाछन्। उनका दुई छोराहरु हाल वैदेशिक रोजगारका लागि विदेशमा छन्। रामशंकरले यो इनामस्वरुप पाएको पैसा छोरीको पढाईमा खर्च गर्ने बताउदै आफु अल अली इन्टरप्राइसेस कम्पनीमा काम गर्न पाउनु आफनो अहोभाग्य भएको बताए। कम्पनी मालिकप्रति आभार व्यक्त गर्दै उनले नासर अल अली इन्टरप्राइजेजजस्तो राम्रो कम्पनी र कम्पनीको मालिक सहृदयी भएको हुनाले साथै आफुले इमान्दारीपुर्वक कम्पनीको लागि काम गरेको कारणले नै यो नगद रकम इनाम पाएको बताए। यस कम्पनीमा काम गरेर आफुले आर्थिक सुधार गर्न र आफु काममा दक्ष बन्न सकेको बताउँदै कम्पनीले एक न एकदिन इमान्दारिताको उच्च मुल्यांकन गर्नेरहेछ भन्ने आफुलाई पूर्ण विश्वास लागेको रामशंकरको भनाइ थियो।

आफ्नो घर परिवारमा आर्थिक समस्या परेको वेलासमेत आर्थिक सहयोग उपलब्ध गराएर समस्या टारिदिने गरेका कम्पनी मालिक अलीले कामदारहरुलाई कहिले नहप्काउने बरु सबैलाई मित्रवत् व्यवहार गर्ने गरेको समेत उनीहरुले बताए।

आफनो कार्यालयको ढोका कामदारहरुका लागि सधै खुला रहेको र आफना कामदारहरुलाई कुनैपनि समस्या भए सिधै आफनो कार्यालयमा आएर आफनो समस्या बताउन सक्ने बताउदै कम्पनी मालिक नासर अल अलीले आफुले मालिकको भन्दा पनि अविभावककोरुपमा व्यवहार गर्ने गरेको हुनाले कामदारहरुको कुनै समस्या भए अविभावकको रुपमै आफुले समस्या समाधान गरिदिने गरेको बताए। समयसमयमा आफनो कम्पनीमा कार्यरत् कामदार हरुलाई प्रोत्साहन स्वरुप सुनको सिक्का, नगद इनाम, प्रमाणपत्र आदि पुरस्कारस्वरुप दिएर कम्पनी मालिक अलीले आफना कम्पनीको कामदारहरुको हौसला र मनोवल बढाउदै आइराखेका छन्।

# न्यूयोर्कमा नेपाली लायन्सहरुद्वारा खाद्यान्न वितरण

**न्यूयोर्क/मस-** न्यूयोर्कमा कोरोना महामारीले जनजीवन प्रभावित भएलगत्तै नेपाली लायन्स नेटवर्क, एनवाई टू हेल्प कोभिड(१९ (लायन्स क्लव अफ कुइन्स, बुद्ध, नेप्लिज एण्ड केटिएम) अन्तर्गत सबै नेपाली लायन्स क्लवहरू संगठित भएर आफ्नो श्रोत साधन क्षमताले भ्याएसम्म कोरोना प्रभावित समुदायको हितका लागि सूचना र विभिन्न आवश्यक सामग्री उपल्ध गराउँदै आएका छन्।



यसैक्रममा लायन्स क्लव ईण्टरनेशनल डिष्ट्रिक ट्वाण्टी के वान जोन वान जी अन्तर्गत रहेका लायन्स क्लव अफ कुइन्सका नेपाली र अन्य दुई फ्लसिंग र क्वेयू गार्डेन्सका लायन्सहरूको सकृय सहभागितामा लायन्स क्लव ईण्टरनेशनल डिष्ट्रिक ट्वाण्टी के वान जोनका अध्यक्ष यलिन वेंगको प्रायोजनमा जुन १४ का दिन नेपाली र अन्य समुदायलाईसमेत खाद्यान्न वितरण कार्यक्रम ज्याक्सन हाइट न्युयोर्क कुईन्समा सम्पन्न भएको छ। बिशेष गरेर कोभिड(१९बाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित भएका र सहयोगको अति जरूरी भएका परिवारहरूको पहिचान गरि संकलित नामावली अनुरूप ७५ परिवारलाई चामल, दाल, राजमा, बोडी र चनालगायतका खाद्यान्न वितरण गरिएको छ।

नेपाली लायन्स नेचवर्कका कार्यक्रम संयोजक कुईन्स बुद्धका अध्यक्ष लायन अर्जुन गौडेलले खाद्यान्न वितरण कार्यक्रमको संयोजन गरेका थिए। स्पेशलिस्ट क्लव कोओर्डिनेटर लायन मंगलदास श्रेष्ठ, वरिष्ठ लायन कृष्ण आचार्य, लायन वेगम पण्डित, कुइन्स केटिएम अध्यक्ष लायन रूद्र पूनलगायतले लायन्सक्लवहरू जति बढि वनाउन सक्यो समुदायमा सेवा पनि त्यति नै धेरै पुर्याउन सकिने विचार राख्दै जोनका अध्यक्ष लायन यलिन वेंगप्रति आर्थिक सहयोगको लागि बिशेष धन्यवाद दिएका थिए। ऊनीहरूले समुदायलाई अप्ठेरो पर्दा जहिले पनि कुईन्समा रहेका तीन वटै नेपाली लायन्स क्लवहरू संगठित भएर समुदायको सेवामा सधैं मिलेर कार्य गर्ने प्रतिवद्धतासमेत व्यक्त गरेका थिए।

उक्त अवसरमा जोनका अध्यक्ष लायन यलिन वेंगले आफूले गरेको यो दान र सहयोगले कोभिड-१९ महामारीवाट पीडित परिवारलाई थोरै भएपनि राहत दिन पाउदा गर्व लागेको बताऊँदै यस कार्यक्रममा स्थानीय क्लवहरूको संयोजनकारी भुमिका अति राम्रो भएको र आगामी दिनमा सबै नेपाली लायन्स क्लवहरूलाई प्रेरित गर्दै आवश्यकता अनुसार समुदायको हितमा अरु धेरै कार्यक्रमहरू संचालन गर्दैजाने प्रतिवध्दता पनि व्यक्त गरिन्। यस्का खाद्यान्न वितरण कार्यक्रमका संयोजक लायन गौडेलले प्रायोजक लायन वेंगलगायत सबै स्वयंसेवक लायनहरूलाई धन्यवाद दिदै संबन्धित सबैको योगदान र सामूहिक सहकार्यले आफुलाई सामाजिक सेवाकार्यमा अझ उत्साह थपेको बताए।

राहतको लागि अत्यावश्यक परिवारहरूको पहिचान गरिएका वास्तविक नाम अनुसार खाद्यान्ह वितरणमा सहजीकरण गर्न स्वयंसेवी लायनहरू खिम भट्टराई, रूपा शाह, बुद्ध पौडेल, रिमाया नेपाली, खडग ब. पुलामीमगर (विक्की), चन्द्र नेपाली, शिवजी खड्का, शिव के.सी, राजा राहत खान, रविना बानिया, अशोक कार्कीलगायत अन्य स्वयंसेवकहरू खटिएका थिए।


## सडक पूर्वाधार विकास कार्यालय
गुलरिया, बर्दिया

### प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रथम पटक प्रकासित मिति : २०७७।०३।०५)

यस कार्यालयबाट मिति २०७६।०९।२७ गते रिपब्लिका राष्ट्रिय दैनिकमा प्रकासित सुचना अनुसार देहाय कार्यका लागी निर्धारित मिति भित्र दर्ता भएका बोलपत्रपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ को (दशौं संसोधन) को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम तपशिलको मिति स्थान र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्विकृतिको छनौट भएको सूचना सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| S no | Description of Works | Contract ID | Name & Address of Successful Bidder | Opening Date, Time & Venue |
|---|---|---|---|---|
| 1 | Construction of Auri Khola Bridge along MRM_Bhagatpur _ Dudhha Road, Bardiya | RIDO/ BARDIYA/ W/NCB/ BRI-02-076-77 | Prakriti-Bhimeswor-Black Buck JV Gulariya Bardiya | Date : 2077/03/12 Time: 1:00 PM Venue: RIDO Bardiya |
| | | | Sapana Nirman Sewa Pvt.Ltd. Hetauda | |
| | | | Bhairav-Narayanam-PS JV Nepalgunj Banke | |
| | | | Bkoi-Sisne JV Nepalgunj Banke | |
| | | | Jay Bishnu Nirman Sewa Pvt.Ltd. Kathmandu | |
| | | | Galwa-Menaka JV Bardiya | |
| | | | KS-Tedi-Manilek JV Dhangadhi Kailali | |

# एन्फाले शुक्रबारदेखि फुटबलकर्मीलाई राहत वितरण गर्ने

**काठमाडौं, मस–** अखिल नेपाल फुटबल संघ एन्फाले नेपाली फुटबलकर्मीलाई शुक्रबारदेखि राहत वितरण गर्ने जनाएको छ । एन्फाले फिफाबाट राहत वितरणका लागि अनुमति प्राप्त गरिसकेकाले शुक्रबारदेखि वितरण गर्ने तयारी गरिएको हो । कोरोना भाइरसको महामारीबाट प्रभावितहरुलाई राहत वितरण गर्न फिफाले एक लाख डलरको कार्यक्रयम स्वीकृत गरेको छ ।




एन्फाले आवद्ध जिल्ला संघ, सदस्य, खेलाडी र अफिसियललाई प्रदान गर्ने प्याकेज फिफामा स्वीकृतिका लागि पठाएको थियो ।

एन्फाले जिल्ला, संघ तथा क्लबहरुलाई समान ७५ हजार तथा राष्ट्रिय टिमका खेलाडी तथा रेफ्रीलाई समान १५ हजार रुपैयाँ राहत दिने प्रस्ताव गरेको छ । एन्फाले पेश गरेको सोही राहत सम्बन्धि प्रस्तावलाई फिफाले स्वीकृत गरेको प्रवक्ता किरण राईले जानकारी दिए ।

कोरोनाबाट प्रभावित फुटबल समुदायलाई सहयोग गर्न भन्दै फिफाले राहत प्रस्ताव पेश गर्न सम्पूर्ण सदस्य सबै देशलाई आग्रह गरेको थियो ।

सोही अनुसार एन्फाले सबै जिल्ला, क्लब तथा अफिसियलसंग निवेदन माग गर्दै राहत वितरणको प्रस्ताव तयार गरेको थियो । सोही प्रस्ताव एन्फाले स्विकृतीका लागि फिफा समक्ष पठाएको हो ।

# चार प्रशिक्षकले पाए 'ए' लाइसेन्स




नेपालका ४ प्रशिक्षकले एएफसी 'ए' कोचिङ लाइसेन्स प्राप्त गरेका छन् ।

अखिल नेपाल फुटबल संघ (एन्फा) ले नेपालका ४ प्रशिक्षकले एएफसी 'ए' लाइसेन्स प्राप्त गरेको जनाएको छ। नेपाल पुलिस क्लबका प्रशिक्षक अनन्त राज थापा, चेतन घिमिरे, संकटाका पूर्व प्रशिक्षक सल्यान खड्की र बाँसबारीका युगल किशोर राईले एएफसी 'ए' लाइसेन्स प्राप्त गरेको छ ।

यस्तै आर्मीका चुन बहादुर थापा र जापानमा रहेका बसन्त गौचनले एएफसी 'ए' लाइसेन्स प्रो प्राप्त गरेका छन् । उनीहरु लिखित परिक्षामा फेल भएपछि एएफसी 'ए' लाइसेन्स प्रो भएका हुन् । उनीहरुले पुनः लिखित परिक्षा दिन पाउने छन् ।

एएफसीले गत २०१९ डिसेम्वर १ देखि ८ मार्च २०२० सम्म काठमाडौंमा कोचिङ कोर्सको आयोजना गरेको थियो ।

कोचिङ कोर्समा नेपालभरका २३ भन्दा बढीले सहभागिता जनाएका थिए ।

कोचिङ कोर्सलाई एएफसीका इन्सट्रक्टर भारतीय साभियो पिडाडी मेडिइराले सहजीकरण गरेका थिए ।

# यू–१९ र यू–१६ च्याम्पियनसिपको तालिका सार्वजनिक




**काठमाडौं, एजेन्सी–** एसियन फुटबल फेडरेशनले एएफसी यू-१९ तथा यू-१६ च्याम्पियनसिपको तालिका सार्वजनिक गरेको छ। यू-१९ च्याम्प्यिनसिप उज्वेकिस्तानमा आयोजन हुने छ भने यू-१६ च्याम्पियनसिप बहराईनमा हुने छ ।

उज्वेकिस्तानमा आयोजना हुने एएफसी यू-१९ च्याम्पियनसिपमा १६ टिमले भाग लिने छन् । टोलीलाई चार समूहमा विभाजन गरेको छ । च्याम्पियनसिप अक्टोबर १४ देखि अक्टोबर ३१ सम्म सञ्चालन हुने छ ।

समूह 'ए' आयोजक उज्वेकिस्तानसहित कम्बोडियो, इरान र इन्डोनेसिया रहेका छन् । यस्तै 'बी' मा जापान, इराक बहराइन र दक्षिण कोरिया रहेका छन् । यस्तै समूह 'सी' मा साउदी अरेबिया, अष्ट्रेलिया, भियतनाम र लाओस छन् ।

समूह 'डी' मा ताजकिस्तानसहित कतार, मलेसिया र यमन रहेका छन् ।

यस्तै, यू-१६ च्याम्पियनसिप बहराईनमा सेप्टेम्बर १६ देखि अक्टोबर ३ सम्म आयोजना हुने छ । एएफसीले च्याम्पियनसिपमा सहभागी हुने १६ टिमलाई चार समूहमा विभाजन गर्दै विहीबार 'ड्र' गरेको हो ।

समूह 'ए' आयोजक बहराईनसहित इरान, उत्तर कोरिया र कतार रहेका छन् ।

समूह 'बी' मा ताजकिस्तान, युएई, यमन र ओमान रहेका छन् । यसैगरी समूह 'सी' मा दक्षिण कोरिया, अष्ट्रेलिया, भारत र उज्वेकिस्तान रहेका छन् । समूह 'डी' मा साउदी अरेबिया, चीन, जापान र इन्डोनेसिया रहेका छन् ।

# नेपोलीलाई कोपा इटालियाको उपाधि



**काठमाडौं, एजेन्सी–** लिग च्याम्पियन युभेन्टसलाई पराजित गर्दै नेपोलीले कोप्पा इटालियाको उपाधि जितेको छ । बुधबार भएको फाइनलमा नेपोलीले युभेन्टसमाथि टाइब्रेकरमा ४-२ को जित दर्ता गरेको हो ।

निर्धारित ९० मिनेटको खेल गोलरहित बराबरीमा सकिएपछि खेलको छिनोफानो टाइब्रेकरबाट लिइएको थियो । युभेन्टसको १४ औं पटक कोप्पा इटालिया उपाधि जित्ने लक्ष्य सफल नहुँदा नेपोलीले भने ६ वर्षपछि उपाधि खडेरी तोड्न सफल रहयो । बुफोनले खेल अवधिमा उत्कृष्ट प्रदर्शन गरेपनि युभेन्टस पराजित हुन पुग्यो ।


टाइब्रेकरमा युभेन्टसका लागि पहिलो प्रहार नै विफल भएको थियो । नेपोलीका गोलरक्षक एलेक्स मेरेटले पाउलो डिबालाको प्रहार बचाएका थिए ।

युभेन्टसको लागि ड्यानीलोले गरेको दोस्रो प्रहार भने पोस्टभन्दा निकै माथि आकासिएको थियो । तेस्रो प्रहारका रुपमा लिओनार्डो बोनुची र चौथो प्रहारमा आरोन राम्सीले भने गोल गरेका थिए । नेपोलीका लागि कप्तान लोरेन्जो इन्सिग्ने, म्याटियो पोलीटानो, म्याक्सीमोभिच र अर्कादिउस्ज मिलिकले गोल गरेका थिए ।

खेलको २६ औं मिनेटमा नेपोली अग्रता लिनबाट चुकेको थियो । फरवार्ड लोरेन्जो इन्सिग्नेको फ्रिकिक प्रहार पोस्टमा लाग्दा युभेन्टस जोगिएको थियो । रोड्रीगो बेन्टान्कुरले फल गरेपछि प्राप्त फ्रिकिकमा इन्सिग्नेले सिधै गोलको प्रयास गरेका थिए ।

पहिलो हाफको अन्त्यतिर नेपोलीले अर्को अवसर गुमायो । ड्रिज मर्टेन्सको पासमा इन्सिग्नेको प्रहारलाई गोलरक्षक जियानलुइजी बुफोनले डाइभ दिँदै बचाए । त्यसको लगत्तै मिडफिल्डर डिएगो डेम्मेको प्रहारलाई बुफोनले खुट्टाले विफल पारे ।

# चुनाव जित्न ट्रम्पले चीनको सहयोग मागेको बोल्टनको दाबी



**वासिङ्टन, एजेन्सी-**अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा आफूलाई सघाउन चिनियाँ राष्ट्रपति सी जिनपिङको सहयोग मागेको ट्रम्पका पूर्व राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले आरोप लगाएका छन् ।

बोल्टनले आफूले प्रकाशन गर्न लागेको संस्मरणात्मक पुस्तकमा ह्वाउट हाउसमा राष्ट्रपति ट्रम्पसँग भएका अन्तरंग कुराकानी र विमती समेतका विविध गतिविधिका बारेमा लेखिएको छ । उक्त पुस्तकको केही अंश अमेरिकी अखबारहरूमा प्रकाशन भएका छन् ।

पुस्तकमा राष्ट्रपति ट्रम्पले अमेरिकी विदेश नीतिलाई सन् २०२० को राष्ट्रपतीय चुनावमा आफू विजयी हुनेतर्फ लक्षित गरेको जिकिर गरिएको छ ।

अमेरिकी अखबार दी वासिङ्टन पोस्ट, न्यूयोर्क टाइम्स र वालस्ट्रिट जर्नलमा प्रकाशित पुस्तकको अंशमा बोल्टनले चिनियाँ मानव अधिकार दुर्व्यवहारका घटनालाई ट्रम्पले पटकपटक बेवास्ता गर्नु भएको आरोप लगाएका हुन् । बोल्टनले भनेका छन्, "मेरो ह्वाइट हाउसको कार्यकालको अवधिमा ट्रम्पका निर्णय प्रक्रियाहरू सन् २०२० को राष्ट्रपतीय निर्वाचनमा बढी केन्द्रित हुने गरेका थिए, र त्यसका लागि ममाथि दबाब थियो ।" गत डिसेम्बरमा राष्ट्रपति ट्रम्पमाथि डेमोक्र्याटिक पार्टीका तर्फबाट राष्ट्रपतिका सम्भावित उम्मेदवार जो बाइडेनमाथि युक्रेनको सहयोग लिएर हिलो छ्याप्न खोजेको भन्दै अमेरिकी संसदमा महाभियोग समेत दर्ता भएको थियो ।

गत जुनमा चिनियाँ राष्ट्रपति सीसँगको एउटा महत्वपूर्ण बैठकमा ट्रम्पले चीन-अमेरिका आर्थिक साझेदारीको विषयमा आफ्नो निर्वाचनले धेरै फरक पार्ने भन्दै चुनावमा सीको समर्थन लिन खोज्नु भएको बोल्टनले दाबी गरे । बोल्टनले राष्ट्रपति ट्रम्पले अमेरिकी किसानको औचित्य र महत्वमाथि जोड दिँदै चीनबाट सोयाबिन र गहुँको खरिदले अमेरिकी मतदातामा सकारात्मक असर पार्ने सोचेको बताए । बोल्टनले भने छ, 'म ट्रम्पका हरेक शब्द छाप्न सक्थें तर सरकारको पूर्व प्रकाशन पुनरावलोकन प्रक्रियाले मलाई सम्पूर्ण कुरा बाहिर ल्याउन कठिन बनाएको छ ।'

ट्रम्प प्रशासनका तर्फबाट अमेरिकी न्याय विभागले बोल्टनको पुस्तकको तत्काल प्रकाशन रोक्ने उद्देश्यले अदालतमा मुद्दा दायर गरेको छ । विभागले बोल्टनको पुस्तक अमेरिकी सुरक्षामा खतरा उत्पन्न गर्न सक्ने दाबी गरेको छ ।


**श्री सरस्वती माध्यमिक विद्यालय, शंखटार**
**दुधौलीनगरपालिका-८, सिन्धुली**

**शिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७७/०३/०५

यस विद्यालयलाई ICT Lab निर्माण गर्नको लागि तपशिल बमोजिमको सामाग्रीहरु खरिद गर्नलाई इच्छुक फर्म/कम्पनीहरुले आजको मितिबाट १५ दिनभित्र आफ्नो फर्म दर्ता र कर चुक्ता सहितको प्रमाण पत्र साथ शिलबन्दी कोटेशन पेश गर्नु हुन तथा विस्तृत स्पेसिफिकेसनको लागि विद्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।


**सामानको विवरण:**

| S.N. | Particulars | Quantity |
|---|---|---|
| 1. | Desktop Computer | 8 Pcs |
| 2. | Laptop | 1 Pc |
| 3. | Projector | 1 Pc |
| 4. | Smart Board | 1 Pc |
| 5. | Printer (B/W) | 1 Pc |
| 6. | Multimedia Speaker | 2 Pcs |

**थप जानकारीको लागि:** श्री सरस्वती माध्यमिक विद्यालय, शंखटार, दुधौली नपा-८, सिन्धुली, सम्पर्क नं ९८६२८००९९७



**हार्दिक श्रद्धाञ्जली**



जन्म
बि.सं. २००३
जेठ २८ गते

स्वर्गारोहण
वि.स. २०७७
जेठ २५ गते

**स्व. रत्नाकुमारी थापा**

मेरी धर्मपत्नी **रत्नाकुमारी थापा**को स्वर्गारोहण भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछु । शोकको यस घडीमा हामीप्रति सहानुभूति व्यक्त गर्नुहुने सम्पूर्ण दाजुभाई, इष्टमित्र, मान्यजन कुलकुटुम्व, संघ संस्था छरछिमेक एवं शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

**श्रीमान्**
वीरबहादुर थापा

**छोरा/बुहारी**
रविन थापा/भावना थापा
रुपेन्द्र थापा/मीना थापा
दिपेन्द्र थापा/सीता थापा
सन्तोष थापा/सम्झना थापा

**छोरी/ज्वाइहरू**
शारदा थापा खड्का
शोभा थापा/युवराज भण्डारी
डा. श्रृजना थापा/ डा. अनिल कवाङ

**नाती/नातिनीहरू**
रुवि थापा, रुचि थापा, रिया थापा,
रोयल थापा, सफल थापा, सक्षम थापा
सौरभ थापा, श्रेयन्श थापा

**नाती/नातिनीहरू**
श्रेया खड्का/श्रियुत खड्का
श्रेयस्का भण्डारी/सिद्धान्त भण्डारी
श्रृष्टि कवांङ्/श्रनिल कवाङ्

**तथा**
**समस्त थापा परिवार**



**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/२८ गते टोखा नपा बडा नं. ११ भण्डारीटोल स्थित मेरो आफ्नै घर कम्पाउण्डमा पार्कीङ गरीएकै अवस्थामा अन्दाजी रातीको २:०० बजेको समयमा ग १८ प २७०५ नम्बरको कालो र रातो कलरको २२० F पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

**सवारी धनी :** सञ्जय तामाङ
**ठेगाना :** टोखा-११, काठमाडौं
**च्यासिस नं:** MD2A13EY9KCF89520
**इञ्जीन नं :** DKYCKF93681
**सम्पर्क :** ९८१८६०१६५४



**मोटरसाइकल हराएको सूचना**

मिति २०७६/११/०२ गते चन्द्रागिरी नपा वडा नं. १५ तिनथानास्थित मेरो आफ्नै घर परिसरमा पार्कीङ गरीएकै अवस्थामा अन्दाजी रातीको १:०० बजेको समयमा बा ९० प २९२९ नम्बरको कालो २२० CC पल्सर मोटरसाईकल हराएकोले फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क गरी बुझाई दिनु भएमा उचित पुरस्कार दिनेछु ।

**सवारी धनी :** प्रकाश भुजेल
**ठेगाना :** चन्द्रागिरी-१५, काठमाडौं
**च्यासिस नं:** MD2A13EY8HCF67596
**इञ्जीन नं :** DHYCHF57706
**सम्पर्क :** ९८५१०१५७३६



**मिक्लाजुङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
रबि, पाँचथर
१ नं. प्रदेश, नेपाल

**मिनि कोल्ड स्टोर सेट क्याटलग सपिङ्ग विधिबाट खरिद गर्ने सम्बन्धि सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०७७/०३/०५**

यस कार्यालयको चालु आ.व. २०७६/०७७ मा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिमका उपकरण हरुको हकमा "उत्पादक वा अधिकृत बिक्रेताद्वारा निर्धारित दरमा (क्याटलग सपिङ्ग) खरिद गर्ने विधि" बाट मिनि कोल्ड स्टोर सेट **(Mini cold store Set)** खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा त्यसको आधिकारिक बिक्रेताहरुले यो सूचना प्रकाशित भएको मितिले ८ (आठ) दिनको १२:०० बजेभित्र निवेदन दर्ता गर्न दोस्रोपटक यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको विस्तृत विवरण ईलाका प्रशासन कार्यालय, ईलाका प्रहरी कार्यालय रवि, पाँचथरको सूचना पाटीमा समेत टाँस गरिएको र कार्यालयको www.miklajungmunpanchthar.gov.np मा राखिएको छ । विस्तृत जानकारीका लागि फोन नं. ०२४-४१२११५, ०२४-४१२११३, ९८५२६८४८२८ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

**तपशिल**

| क्र.सं. | काम/सेवाको विवरण | एकाइ | परिमाण | मापनको आयाम* | | |
|---|---|---|---|---|---|---|
| | आइटम | | | लम्बाइ | चौडाइ | उचाइ |
| 1 | Wall and Ceiling Material | m² | 180.0 | 1 00 mm thickness B2 grade fire proof PU Board | | |
| 2 | Flooring | m² | 72.0 | Extruded polystyrene insulation board | | |
| 3 | Sealing elements & accessories | m² | 252.0 | 703 glue specially for cooling storage with 100 mm thickness concrete | | |
| 4 | Door | No | 1.0 | 11200*1800*100mm Insulting Material | | |
| 5 | Air Curtain machine | No | 1.0 | L1200 | | |
| 6 | Cooling Compressor | Set | 2.0 | 5Hp,50Hz | | |
| 7 | Ceiling Type Evaporator | set | 2.0 | 550*2 W,50Hz | | |
| 8 | Draught fan drainage System | set | 2.0 | Pvc | | |
| 9 | Cooling storage room light | no | 6.0 | Moisture proof ,LED | | |
| 10 | Control switchboard | no | 1.0 | PLC Automation switch Board | | |
| 11 | Copper pipe | set | 2.0 | 24 m | | |
| 12 | Spare parts for copper pipe | set | 2.0 | Suitable for the gas pipe | | |
| 13 | Insulation pipe | set | 2.0 | | | |
| 14 | Thermal expansion valve | no | 2.0 | Gas Regulation | | |
| 15 | Refrigerant | no | 2.0 | The refrigerator shall utilize CFC (Chlorofluorocarbon) free refrigerants, | | |
| 16 | Welding materials & hardware | set | 1.0 | Installation Material | | |
| 17 | Wire | set | 1.0 | NS | | |
| 18 | Temp.control cabinet | set | 1.0 | Microcomputer control ,LCD | | |
| 19 | Integrated proctector | set | 1.0 | Short circuit,overload protection | | |
| 20 | Evaporator hanging shelf | set | 2.0 | Installation Material | | |
| 21 | Compressor shelf | set | 2.0 | Installation Material | | |
| 22 | Internal support pipes | set | 1.0 | 100*100 mm square pipe | | |
| 23 | Installation charge | LS | 1.0 | | | |

**Chief Administrative Officer**

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



### एडीबीले भन्यो

# कोरोनाले नेपालको आर्थिक वृद्धिमा त्यति असर पर्दैन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असार



एशियाली विकास बैंक (एडीबी)ले कोरोनाले नेपालको आर्थिक वृद्धिमा त्यति ठुलो असर नपर्ने औंलयाएको छ। एशियाली पुरक आउटलुक प्रतिवेदनमा एडीबीले यस्तो कुरा उल्लेख गरेको हो । उक्त प्रतिवेदन अनुसार विश्वका विकासशिल देशहरुजस्तै एशियाली मुलुकहरुमा पनि ठुलो असर पर्ने देखिएको हो । तर एशियाली मुलुकमध्ये चीनमा भने त्यति ठुलो असर नपर्ने देखिएको छ । तर अन्य देशहरुमा भने ठुलो असर पर्ने एडीबीको प्रतिबेदनमा उल्लेख छ। सन् २०20 मा चीनको अर्थतन्त्र १ दशमलव ८ प्रतिशतले विस्तार हुनेछ । जबकि ३४ एसियालीको आर्थिक वृद्धिदर नकारात्मक हुनेछ। २०२० मा दुई टापु देश फिजी र माल्दिभ्सको आर्थिक वृद्धिदर दोहोरो अंकले नकारात्मक हुने एडीबीको प्रतिवेदनमा उल्लेख छ । कुक्स आइल्यान्ड भानुआटु र पलाउको आर्थिक वृद्धि पनि करिब १० प्रतिशतले नकारात्मक रहने एडीबीको अनुमान छ । यसअघिको अनुमानमा यी देशको आर्थिक वृद्धिदर ऋणत्मक हुने बताइएको थियो । अघिल्लो अनुमानभन्दा उल्लेखित देशको आर्थिक वृद्धिदरमा ५ देखि ११ प्रतिशतको प्रभाव पर्ने बताइएको छ । सबै देश पर्यटकीय गन्तव्य हुन् । आर्थिक वृद्धिदर नकारात्मक हुनेमा दक्षिण एसियाका ५ देश छन् । बैंकका अनुसार बंगलादेश, नेपाल र भुटानबाहेक सबै दक्षिण एसियाली देशको अर्थतन्त्र खुम्चनेछ । त्यसमध्ये बंगलादेशले सर्वाधिक ४ दशमलव ५ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्नेछ । यो आर्थिक वृद्धिदर एसियाका सबै देशमध्ये उच्च हो । यस्तै प्रतिवेदनमा सन् २०२० मा अफगानिस्तानको आर्थिक वृद्धिदर ४ दशमलव ५ प्रतिशतले, भारतको ४ प्रतिशतले, पाकिस्तानको ० दशमलव ४ प्रतिशतले र श्रीलंकाको ६ दशमलव १ प्रतिशतले नकारात्मक हुने उल्लेख छ । भुटान र नेपालको भने क्रमशः २ दशमलव ४ र २ दशमलव ३ प्रतिशतले उकालो लाग्नेछन् । पूर्वी एसियाबाहेक सबै क्षेत्रगत आर्थिक वृद्धिदर नकारात्मक रहने उल्लेख छ । पूर्वी एसियामा चीन र ताइवानको सकारात्मक आर्थिक वृद्धिले साथ दिएको छ। तर, बाँकी देशहरू हङकङ, मंगोलिया र कोरियाको आर्थिक वृद्धिदर भने नकारात्मक हुने उल्लेख छ । यसरी विकासशील एसियाको आर्थिक वृद्धिदर २ दशमलव २ प्रतिशतबाट संशोधन गर्दै ० दशमलव १ प्रतिशत कायम गरेको छ । यो आर्थिक वृद्धिदर सन् १९६१ यताकै न्यून हो। एडिबीले २०२१ मा यो क्षेत्रको वृद्धिदर ६ दशमलव २ प्रतिशत हुने अनुमान पनि गरेको छ ।

# काठमाडौं महानगरका करदातालाई करमा सहुलियत

**मध्यान्ह संवाददाता**
काठमाडौं, ४ असार



कोरोना महामारकिा कारण लामो समय आर्थिक गतिविधि प्रभावित भएपछि अप्ठ्यारोमा परेका करदातालाई काठमाडौं महानगरपालिकाले छुट सहुलियत दिने भएको छ। महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले बिहीबार आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै यस्तो बताएका हुन् । करदाताहरुलाई कर प्रणालीमा स्वेच्छिक रूपमा सहभागी गराउँदै समग्र राजस्व प्रशासनलाई करदातामैत्री बनाउने नीति लिइएको उनले बताए। महानगरभित्रका करदाताको तथ्यांक अद्यावधिक गर्ने, शहरको सौन्दर्य र सुरक्षामा आँच आउने गरी विज्ञापन सामाग्रीहरु राख्ने कार्यलाई पूर्णतः निषेध गर्ने नीति पनि महानगरपालिकाले लिएको उनले घोषणा गरे । कर तथा गैरकर राजस्व अनुगमनलाई नियमित गर्न विशेष टोली गठन गरी परिचालन गरिने जानकारी पनि उनले दिए । काठमाडौं महानगरपालिकाको आन्तरिक स्रोत साधनको प्रभावकारी परिचालन गर्न प्रगतिशील कर प्रणालीको विकास, सक्षम कर प्रशासनको निर्माण, करका दायरा बिस्तार, करको दर पुनरावलोकन, करको क्षेत्र विस्तार र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइने नीतिमा छ। आर्थिक वर्ष २०७७/७८ लाई करदाताहरुको अभिलेखन वर्ष घोषणा गरी वैज्ञानिक र एकीकृत करदाता अभिलेख तयार गर्न व्यवस्थापनमा जनशक्ति परिचालन गरिने शाक्यले बताए । यस्तै महानगरपालिकाले 'मेड इन काठमाडौं' अभियान संचालन गर्ने भएको छ। महानगर क्षेत्र भित्रका विभिन्न स्थानहरुमा नेपाली वस्तुहरुको बजार कोसेलीघर वा यस्तै प्रकृतिका अन्य बजार विस्तार गर्ने नीति तथा कार्यक्रममा उल्लेख छ। मरुटोलमा रहेको सिंहसत्तललाई गैरसरकारी संस्थासँगको सहकार्यमा निर्यात प्रवर्द्धन केन्द्रका रूपमा विकास गर्ने योजना पनि बनाइएको छ । 'युवाहरुको नवीन सोच तथा प्रविधिप्रतिको आकर्षणलाई ध्यानमा राखी काठमाडौं हब स्थापना गरिने नीति लिइनेछ,' नीति तथा कार्यक्रममा भनिएको छ,' 'स्टार्टअपको माध्यमबाट उद्यमी बन्न चाहने युवाहरुलाई उत्पादन डिजाइन, प्रविधि, बजार, वित्त ब्यवस्था, कानुन आदिको परामर्श एकै स्थानमा उपलब्ध गराइनेछ ।' काठमाडौ महानगरभित्र विभिन्न उद्यम गरिरहेका परम्परागत तथा अन्य स्थानीय शिल्पीहरुको सीप उपयोग तथा विकासका लागि प्रोत्साहन गर्ने, युवाहरुलाई स्वदेशी उद्यममा आकर्षण गर्न स्वदेशी वस्तुहरुको उत्पादन, प्रवर्द्धन र बजारीकरणलाई प्रोत्साहन गर्ने, साना, मझौला तथा सेवामुलक उद्योगलाई प्रश्रय तथा प्रोत्साहन गर्ने नीति पनि महानगरपालिकाले लिएको छ ।

# लकडाउन अवधिभर ६ अर्बको औषधि आयात




**काठमाडौं, रासस-** गत चैत ११ गतेदेखि जारी बन्दाबन्दीको अवधिमा रु छ अर्ब बराबरको औषधि आयात भएको छ। उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले हालै सार्वजनिक गरेको तथ्याङ्कअनुसार सो अवधिमा रु पाँच अर्ब ९० करोड ९६ लाख १० हजार बराबरको तयारी औषधि र कच्चा पदार्थको आयात भएको हो ।

सो अवधिमा रु चार अर्ब ५७ करोड २९ ला ९३ हजार बराबरको तयारी औषधि र रु एक अर्ब ३३ करोड ६६ लाख १७ हजार बराबरको औषधिको कच्चा पदार्थ आयात भएको छ । मन्त्रालयका प्रवक्ता प्रकाश दाहालका अनुसार बन्दाबन्दीको अवधिमा तीन लाख १२ हजार ८८१ मेट्रिक टन खाद्यान्न, ७८ हजार २२७ मेट्रिक टन दलहन, ९९ हजार ३७३ मेट्रिक टन तरकारी, ३९ हजार ४४८ मेट्रिक टन फलफूल र १२ हजार ३११ मेट्रिक टन दुग्धजन्य पदार्थको आयात भएको छ । उनका अनुसार बन्दाबन्दी शुरु भएपछि खाद्य पदार्थको आयातमा वृद्धि भएको छ। पहिलो हप्तादेखि दशौँ हप्तासम्मको औसत आयातको तुलनामा खाद्यान्नमा छ दशमलव नौ प्रतिशत र दाल तथा गेडागुडीको आयातमा १४ दशमलव सात प्रतिशतले वृद्धि भएको छ। यसैगरी तरकारीमा चार प्रतिशत, फलफूलको आयातमा ३८ प्रतिशत, दुग्धजन्य पदार्थको आयातमा दुई हजार ६५८ प्रतिशत, औषधिको कच्चा पदार्थमा ३० दशमलव एक र तयारी औषधिमा ४४ दशमलव दुई प्रतिशतले वृद्धि भएको छ ।

बन्दाबन्दीको अवधिमा केही वस्तुको आयातमा थपघट भएको जनाइएको छ । मन्त्रालयको तथ्याङ्कानुसार पाँचौं हप्तादेखि घट्दो क्रममा रहेको खाद्यान्नको आयात दशौं हप्ताको तुलनामा एघारौं हप्तामा दोब्बर भएको छ । बन्दाबन्दीको छैटौं हप्तामा दलहन तथा गेडागेडी, फलफूल तथा तयारी औषधि आयातमा वृद्धि भएको थियो भने औषधिको कच्चापदार्थ नवौं हप्तामा आयातमा वृद्धि भएको थियो ।

रसुवागढी नाकाबाहेक सबै सीमानाकाबाट निरन्तररूपमा सामान आयात भइरहेको मन्त्रालयले जनाएको छ । गत जेठ १ गतेदेखि ३१ गतेसम्म खाद्यान्न, औषधिलगायतका पदार्थ लिएर काठमाडौं उपत्यकामा तीन हजार ८९० ट्रकहरू प्रवेश गरेको जनाइएको छ । ती मध्येमा धान बोकेका ७० , मकै बोकेका ३९२, चामलका ६६४, गहुँका १४७, मैदाका १५१, चिनीका १०१, नुनका ३१, दालका १०५, अण्डाका १३५, कुखुराका १६७, फलफूलका ४२०, दूधका २७६, औषधिका २० ९, घ्यूतेलका १९२, अक्सिजनका नौ र तरकारीका ८२१ ट्रक उपत्यका प्रवेश गरेका थिए ।

# तिब्बतद्वारा नेपाललाई स्वास्थ्य सामग्री सहयोग




**मुस्ताङ/मस-** कोरोना भाइरस रोकथाम तथा नियन्त्रण जिल्ला स्वास्थ्य कार्यालय मुस्ताङलाई चीनको स्वशासित क्षेत्र तिब्बतले स्वास्थ्य सामग्री सहयोग गरेको छ । जिल्लाका पाँच गाउँपालिका र सुरक्षा निकायका लागि आरडिटी किट, मास्क, व्यक्तिगत सुरक्षा सामग्री (पिपिइ), पञ्जा, थर्मलगनलगायतका सामग्री तिब्बतको झोम्बा (काउन्टी) ले उपलब्ध गराएको हो ।

स्वास्थ्य कार्यालयलाई सर्जिकल मास्क एक लाख १० हजार, आरडिटी किट एक हजार २०० , केएन-९५ मास्क एक हजार २०० , पिपिइ सेट एक हजार १०० र थर्मलगन १०० थान उपलब्ध गराएको छ। यसैगरी सुरक्षाकर्मीका लागि केएन-९५ मास्क २०० , सर्जिकल मास्क दुई हजार , चश्मा ३०, ग्लाउन ४० , पञ्जा चार हजार , स्यानिटाइजर ५० , इलेक्ट्रिकल थर्मामिटर १०, स्पेयर १० , जेनेरेटर दुई, चुलो दुई , जग २० , सिरक २०, ओभरकोट २० , जुत्ता २० , अटोक्लेभ चार , मेटल डिटेक्टर पाँच थान तथा कोलोरिन २० हजार चक्की रहेका छन् ।

स्वास्थ्य कार्यालयका प्रमुख टीकाराम भण्डारीले प्राप्त स्वास्थ्य सामग्री आवश्यकता र प्रथमिकताका आधारमा प्रयोगमा ल्याइने बताए । तिब्बत सरकारसँग जिल्ला विपद् व्यवस्थापन समितिले जिल्लालाई कोरोनामुक्त बनाउन स्वास्थ्य उपकरण सामग्री सहयोगका लागि आग्रह गरेको थियो ।

चीनले स्वास्थ्य सामग्री सहयोग गरेको प्रमुख जिल्ला अधिकारी वेदप्रसाद अर्यालले बताए । जिल्ला स्वास्थ्य कार्यालय र जिल्लास्थित सुरक्षाकर्मीलाई चिनियाँ सुरक्षा अधिकारीले कोरला नाकामा ती सामग्री हस्तान्तरण गरेका थिए । जिल्लाले माग गरेअनुसार आवश्यक पर्ने पिसीआर मेसिनलगायत अन्य स्वास्थ्य उपकरण चीनले छिटै सहयोग गर्ने जनाएको समेत उनले बताए ।

# धितोपत्रसम्बन्धी विधेयक पेश



**काठमाडौं/मस-** प्रतिनिधिसभाको बिहीबारको बैठकले 'धितोपत्रसम्बन्धी (पहिलो संशोधन) विधेयक २०७६' लाई दफाबार छलफलका लागि संसदीय समितिमा पठाएको छ । अर्थमन्त्री डा युवराज खतिवडाले उक्त विधेयक दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी प्रस्ताव प्रस्तुत गरेका थिए ।

बैठकमा 'सार्वजनिक खरिद (दोस्रो संशोधन) विधेयक, २०७७' पेश भएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीको तर्फबाट अर्थ एंव सञ्चार तथा सूचना प्रविधिमन्त्री डा युवराज खतिवडाले उक्त विधेयक पेश गरेका हुन् ।

त्यसअघि सांसदद्वय राजेन्द्रकुमार केसी र प्रेम सुवालले प्रस्तुत गरेको विरोधको सूचनालाई बहुमतले अस्वीकृत गरेको थियो । त्यसैगरी उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले 'निकासी पैठारी (नियमन) विधेयक, २०७६' र 'प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६' पेश गरे। त्यसअघि सांसद प्रेम सुवालले प्रस्तुत गरेको विरोधको सूचनालाई बहुमतले अस्वीकृत गरेको थियो ।

**सन्देश टेबुल**

प्रतिनिधिसभामा उत्पत्ति भएको 'विरुवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७५' र 'बीउबिजन पहिलो (दोस्रो संशोधन) विधेयक, २०७५' र राष्ट्रियसभामा उत्पत्ति भएको भएको 'नीति अनुष्ठान प्रतिष्ठान विधेयक, २०७६' का सम्बन्धमा राष्ट्रिय सभाबाट प्राप्त सन्देशसहितको विधेयक टेबुल गरिएको छ। त्यस्तै प्रतिनिधिसभाका सचिव गोपालनाथ योगीले प्रतिनिधिसभामा उत्पत्ति भएको 'नेपालको संविधान (दोस्रो संशोधन) विधेयक, २०७७' राष्ट्रियसभाबाट पारित भएको सन्देशको जानकारी गराए ।

# ईन्भेष्टमेन्ट बैंकले भन्यो : हामीले ईटालीको बैंकबाट २ अर्ब रुपैयाँ पायौं

**काठमाडौं/मस-**नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड (एनआईबीएल) ले इटालीको बैंक इन्टेन्सा सन्पाओला एसपीए बाट बैंक जमानत बापतको ८५ करोड रुपैयाँ र युरो ८७ लाख ५० युरो गरी कूल २ अर्ब रुपैयाँ भुक्तानी प्राप्त गरेको जानकारी दिएको छ । यो रकम इटालीको अदालत ट्रिबुनल डे बोलोनाका तीन न्यायाधीशहरूको इजलासको यही २०२० जुन ९ तारिखमा यसअघि प्रारम्भिक सुनुवाईमा सोही अदालतको एकल न्यायाधीशको इजलासबाट इन्टेसा सन्पाओला एसपीए लाई भुक्तानीमा रोक लगाउने गरी भएको आदेशलाई बदर गर्ने गरी भएको अन्तिम आदेशबाट प्राप्त भएको हो ।

नेपाली र अन्तर्राष्ट्रिय बैंकिङ्ग अभ्यासका लागि सकारात्मक विकासक्रम भएको बैंकको भनाई छ । जसले बैंक जमानतजस्ता बैंकिङ्ग उपकरणहरूमा विश्वास सुदृढ पार्दछ, जसबाट यस प्रकारको ठूलो कोषलाई समेत फिर्ता ल्याउन सकिन्छ भन्ने प्रमाणित गरेको छ। अन्तर्राष्ट्रिय अदालतमा सुनवाईको क्रममा पहिलो चरणमा जारी गरिएको अन्तरिम आदेशमाथि चुनौती दिईएपछि बैंक जमानत बापतको रकम सफलतापूर्वक प्राप्त गर्न सकिएको हालसम्मको नेपाली बैंकिङ्ग इतिहासमा यो पहिलो उदाहरण हो ।

यस अवसरमा नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड अर्थमन्त्रालय, ऊर्जा मन्त्रालय, परराष्ट्र मन्त्रालय, नेपाल राष्ट्र बैंक, नेपाल विद्युत् प्राधिकरण, तनहुँ जलविद्युत् प्रा.लि. तथा हाम्रा सबै शुभचिन्तकहरूमा निरन्तर सहयोगका लागि हार्दिक आभार व्यक्त गरेको छ ।

कसैले पनि जातीय भेदभाव तथा छुवाछुत गर्न वा गराउन हुँदैन, यदि गरेमा जातीय भेदभाव ऐन बमोजिम सजाय हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९८२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews | Janatapati | Janatapati

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**